# कोभिड-१९ महामारीको सन्दर्भमा
# कोभिड तथा अन्य स्वास्थ्य सेवा प्रवाहका लागि
# अन्तरिम निर्देशिका
# २०७६

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# कोभिड-१९ महामारीको सन्दर्भमा कोभिड तथा अन्य स्वास्थ्य सेवा प्रवाहका लागि अन्तरिम निर्देशिका

१. **प्रस्तावनाः** कोभिड १९ को विश्वव्यापी महामारीका कारण स्वास्थ्य सेवा प्रणालीमा समेत व्यापक प्रभाव परेको हुँदा सोको निराकरणका लागि विभिन्न तहमा स्वास्थ्य सेवा सुचारू गर्न समुचित मार्ग निर्देशन आवश्यक भएकाले जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी **कोभिड-१९ महामारीको सन्दर्भमा कोभिड तथा अन्य स्वास्थ्य सेवा प्रवाहका लागि अन्तरिम निर्देशिका** तर्जुमा गरी जारी गरिएको छ ।

२. **उद्देश्य**

- प्राथमिक देखि विशिष्टिकृत सेवा प्रवाह गर्ने स्वास्थ्य संस्थाहरूमा कोभिड १९ का संकास्पद, सम्भावित र पुष्टी भएका केशहरूको व्यवस्थापनलाइ सरल र सहज बनाउनु,
- कोभिड-१९ बाहेकका अन्य स्वास्थ्य सेवाहरूलाइ निरन्तरता दिई जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक प्रभाव रोक्नु ।

३. **नीतिगत कार्यदिशा**

- सरकारी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरूमा अनावश्यक भीडलाइ नियन्त्रण गर्दै नियमितरूपमा सेवा संचालन गरिनेछ,
- सेवाग्राहीको स्वास्थ्य संस्था सम्म सरल पहुँचका लागि स्थानीय तहले आवश्यक प्रबन्ध मिलाउने छन्,
- कोभिड-१९ का संकास्पद, सम्भावित र पुष्टी भएका केशहरूको व्यवस्थापन गर्न तहगत व्यवस्था मिलाइनेछ,
- तोकिएका स्वास्थ्य संस्थाहरूले (**अनुसूची १**) महामारी अवधिभरी "कोभिड क्लिनिक" संचालन गर्ने र संकास्पद बिरामीहरूलाइ अन्य सेवाग्राहीहरूबाट छुट्याइ सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने छन् । अन्य संस्थाको हकमा क्षमता र आवश्यकता अनुसार स्क्रीनिङ र परामर्श गरी प्रेषणको व्यवस्था मिलाउनु पर्नेछ ।
- कोभिड र अन्य स्वास्थ्य सेवाहरूको निरन्तरताका लागि तपसील बमोजिमको समुचित व्यवस्था मिलाइनेछः

  १. कोभिड-१९ सेवा (COVID-19 Services)

  २. कोभिड बाहेकका स्वास्थ्य सेवाहरूको निरन्तरताः

     २.१ सबै आकस्मिक तथा गम्भीर सेवाहरू (Services for emergency, acute conditions, and acute on chronic conditions)

     २.२ अत्यावश्यक स्वास्थ्य सेवाहरू (Essential Health Services)

     २.३ एम्बुलेन्स सेवा (Ambulance Services)

  ३. स्वास्थ्य व्यवस्थापनका अन्य पक्षहरू

## ४. सेवा प्रवाह सम्बन्धि व्यवस्था

माथि उल्लेखित कोभिड१९ तथा अन्य स्वास्थ्य सेवाहरूको प्रभावकारी प्रवाहका लागि देहाय बमोजिम हुने गरी व्यवस्था गरिएको छ ।

### ४.१. कोभिड १९ को पहिचान तथा उपचार व्यवस्थापन

| तह | स्वास्थ्य संस्था | सेवा प्रकार | व्यवस्थापन विधि |
|---|---|---|---|
| १ | सबै स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र र प्राथमिक अस्पताल | आधारभूत परामर्श तथा प्रेषण सेवा (Basic Counseling and Referral Services) | आवश्यक परामर्श सेवा दिइ संकाष्पद बिरामीहरूलाई नजिकको कोभिड क्लिनिक वा तोकिएका कोभिड अस्पतालमा समन्वय गरी सम्भव भएसम्म एम्बुलेन्स मार्फत प्रेषण गर्ने व्यवस्था मिलाउने |
| २ | जिल्ला स्थित प्रादेशिक अस्पताल वा कोभिड क्लिनिक सञ्चालन गर्ने अस्पताल (सरकारी वा गैरसरकारी) | आइसोलेशन, नमुना संकलन तथा प्रेषण सेवा (Isolation, Sample Collection and Referral Services) | प्रेषण भएर आएका वा यी अस्पतालहरूले स्क्रीनिङ गरेका संकास्पद बिरामीहरूको प्रोटोकल अनुसार आइसोलेशनमा राखि उपचार गर्ने र नमुना संकलन गरी नजिकको/तोकिएको प्रयोगशालामा पठाउने व्यवस्था गर्ने,<br><br>प्रयोगशाला परिक्षणमा पोजेटिभ देखिएका सामान्य केशहरू लेबल १ कोभिड अस्पतालहरूमा प्रोटोकल अनुसार एम्बुलेन्स मार्फत प्रेषण गर्ने व्यवस्था मिलाउने तर जटिल तथा अति जटिल केशहरू लेबल २ कोभिड अस्पतालहरूमा सिधै पठाउने (**अनुसूची २**)<br><br>***नोटः*** *परीक्षणको नतिजा पोजिटिभ आएमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशन बमोजिम प्रेषण गर्ने व्यवस्था मिलाउनु पर्नेछ । एम्बुलेन्स सेवा नपुग्ने क्षेत्रका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यथोचित व्यवस्था मिलाउने ।* |

| | | | |
|---|---|---|---|
| ३ | लेबल १ कोभिड अस्पताल | सामान्य केश व्यवस्थापन (Mild case management- Positive with mild symptoms) | प्रेषण भएर आएका वा यी अस्पतालहरूमा पहिचान भएका बिरामीहरूको प्रोटोकल अनुसार आइसोलेशनमा राखि उपचार गर्ने, |
| ४ | लेबल २ कोभिड अस्पताल | मध्यम जटिल र अति जटिल केश व्यवस्थापन (Moderate to severe case management- Positive with moderate or severe symptoms) | प्रेषण गरिएका वा यी अस्पतालहरूमा पहिचान भएका मध्यम जटिल र अति जटिल केशहरू हाइडिपेन्डेन्सी र आइसीयु केयर भएका तोकिएका कोभिड अस्पतालहरूमा प्रोटोकल अनुसार उपचार गर्ने |
| ५ | लेबल ३ कोभिड अस्पताल | बहुविज्ञ सेवा चाहिने कोभिड पोजिटिभ बिरामीहरूको व्यवस्थापन (COVID Positive cases who needs multi-specialty services) | विशिष्टकृत शल्यकृया सेवा लगायत बहुविज्ञ सेवा (Multispecialty services) सहितका सेवाहरू प्रोटोकल अनुसार उपचार गर्ने । |

## ४.२ कोभिड १९ का लागि स्वास्थ्य जनशक्ति परिचालन सम्बन्धि व्यवस्थापन

क) स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य चौकी, प्राथमिक र जिल्ला स्थित प्रादेशिक अस्पतालहरूमा हाल कार्यरत स्वास्थ्य जनशक्ति मार्फत सेवा संचालन गर्ने व्यवस्थापन मिलाउने,

ख) तोकिएका कोभिड अस्पतालहरूमा तालीम प्राप्त विशेषज्ञ चिकित्सक, नर्स तथा पारामेडिक्सको व्यवस्थापन हब अस्पताल मार्फत गर्ने र थप जनशक्ति स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यकता अनुसार प्रदेश सँग समन्वय गरी व्यवस्थापन गर्ने,

ग) स्वास्थ्यकर्मीहरूको रोष्टर बनाइ आलोपालो सेवा दिने व्यवस्था मिलाउने,

घ) नपुग जनशक्तिको लागि नेपाल सरकारको छात्रवृत्तिमा स्नातकोत्तर तहमा अध्ययनरत चिकित्सकहरू, नर्सहरू र अन्य स्वास्थ्यकर्मीहरूलाइ आवश्यकता र औचित्यताको आधारमा तोकिएका कोभिड अस्पतालहरूमा परिचालन गरिनेछ,

ङ) थप जनशक्ति आवश्यक भएमा तोकिइ बमोजिमको सेवा सुविधा सहित करार सेवा अन्तर्गत द्रुत प्रकृयाबाट परिचालन गर्ने।

## ४.३ कोभिड बाहेकका अन्य स्वास्थ्य सेवाहरूको निरन्तरताः

शारिरीक दुरी लगायत निर्दिष्ट व्यक्तिगत सुरक्षाका प्रावधानहरू अवलम्बन गर्दै सङक्रमण रोकथाम तथा नियन्त्रणका बिधीहरू अपनाई स्वास्थ्य संस्थाहरूमा भीड नियन्त्रण गरी कोभिड बाहेकका स्वास्थ्य सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

### ४.३.१ आकस्मिक तथा गम्भीर सेवाहरू

क) आकस्मिक तथा गम्भीर (acute लगायत) सेवाहरू कोभिडका लागि मात्र भनी तोकिएका **(अनुसूची २)** बाहेकका सबै स्वास्थ्य संस्थाहरूले नियमितरूपमा संचालन गर्ने ।

ख) आकस्मिक तथा गम्भीर (acute लगायत) अवस्थाहरू, उदाहरणः

अ) Any life and limb threatening conditions (acute coronary syndrome, acute limb ischemia, stroke etc.)

आ) Injuries, abscess, acute painful conditions, acute on chronic conditions (e.g. heart failure, acute exacerbation of COPD, hemodialysis, ketoacidosis, etc.)

ग) हाल संचालित अति विशिष्टकृत अस्पतालहरूले आफ्नो विषयविज्ञता अनुरूप उपदफा (ख) मा उल्लेखित सेवाहरू नियमितरूपमा संचालन गर्नु पर्नेछ,

### ४.३.२ अत्यावश्यक तथा आधारभूत स्वास्थ्य सेवाहरू (Essential and Basic Health Services)

क) कोभिड महामारी नियन्त्रण अवधिभर अत्यावश्यक र आधारभुत स्वास्थ्य सेवाहरू नियमित रूपमा सुचारू गर्ने,

ख) देहायका बमोजिमका सेवाहरू कोभिड महामारी नियन्त्रण अवधिभर संचालन नगर्नेः

अ) स्वास्थ्य अभियान तथा क्याम्पहरू संचालन नगर्ने तर कोभिड सँग सम्बन्धित तथा अन्य रोगहरूको महामारी लक्षित अभियानहरू स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशन अनुसार गर्ने,

आ) Life and limb threatening conditions बाहेकका इलेक्टिभ सर्जरी नगर्ने

ग) नियमितरूपमा प्रयोग गर्नु पर्ने औषधीहरू तथा साधनहरू सम्भव भएसम्म सेवाग्राहीहरूलाई लामो अवधि (३ महिना) सम्मका लागि प्रदान गर्ने

घ) अत्यावश्यक तथा आधारभूत स्वास्थ्य सेवाहरूका लागि आवश्यक पर्ने निदानात्मक (diagnostic services) सेवाहरू समेत सुचारु गर्ने ।

### ४.३.३ एम्बुलेन्स सेवा (Ambulance Services)

क) कोभिड१९ का बिरामीलाइ अस्पताल पुर्याउनका लागि तयार पारिएको निर्देशिका बमोजिम कोभिड केशहरूका लागि संघ, प्रदेश तथा जिल्ला तहमा तोकिएका एम्बुलेन्सको व्यवस्था मिलाउने,

ख) काठमाण्डौं उपत्यकाको हकमा नेपाल एम्बुलेन्स सेन्टर (फोन नं १०२) र कोभिड कल सेन्टर ११३३ मार्फत सेवा प्रदान गर्ने,

ग) काठमाण्डौं उपत्यका बाहिरको हकमा नेपाल प्रहरीको (फोन नं १००) र नेपाल एम्बुलेन्स सेन्टर (फोन नं १०२) मार्फत सेवा प्रदान गर्ने ।

घ) कोभिड बाहेक अन्य आकस्मिक र जटिल अवस्था (acute लगायत) का लागि समेत एम्बुलेन्स सेवा नियमित गरिनेछ ।

**विशेष नोटः कुनै पनि अस्पतालहरूले आफ्नो अस्पतालमा उपलब्ध स्वास्थ्य सेवाहरूको लागि कोभिड पोजेटिभ पुष्टी नभए सम्म अन्य कुनै पनि अस्पतालमा प्रेषण गर्न पाइने छैन । प्रेषण गर्नु पर्ने यथेष्ठ अवस्था भएमा HEOC को पूर्व स्वीकृती लिएर मात्र प्रेषण गर्नु पर्ने छ । सम्पर्कका लागि मोबाइल नं.: ९८५१२५५८३४; ९८५१२५५८३७; ९८५१२५५८३९**

## ५ बहुविज्ञ सेवा (Multispecialty services) चाहिने कोभिड बिरामीको व्यवस्थापन

बहुविज्ञ सेवा (Multispecialty services) चाहिने कोभिड पोजिटिभ बिरामीहरूलाई अनुसूची ३ मा तोके बमोजिमका अस्पतालहरूले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा आवश्यक उपचार गर्नेछन्।

## ६ स्वास्थ्य सेवा व्यवस्थापनका अन्य पक्षहरू

**क) आपुर्ति व्यवस्थापनः** स्वास्थ्य सेवा प्रवाहका लागि ढुवानी प्रकृयालाई सुचारू गर्ने,

**ख) कोल्ड चेनः** भ्याक्सिनका लागि कोल्डचेन यथावतरूपमा संचालन तथा मर्मत सम्भार गर्ने,

**ग) सुचना प्रणाली व्यवस्थापनः** हाल संचालित सबै सूचना प्रणाली (निगरानी प्रणाली समेत) नियमितरूपमा संचालन गर्नुका साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशन अनुरूप थप सूचना प्रणालीहरू स्थापना गरी संचालन गर्ने,

**घ) प्रकोप व्यवस्थापनः** कुनै अन्य रोगको प्रकोप देखिएमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशन अनुरूप नियन्त्रणका कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने ।

## ७ विविध

**क)** कोभिड पोजिटिभ बिरामी भर्ना गरेको दिनदेखि मात्र **अनुसूची २** मा तोकिएका अस्पतालहरू कोभिड अस्पतालमा परिणत भएको मानिनेछ ।

**ख)** कोभिड अस्पताल बाहेकका सम्पूर्ण निजि, गैह्रसरकारी, सामुदायिक, मेडिकल कलेज तथा प्रतिष्ठान अस्पतालहरूले कोभिड अस्पतालबाट स्थानान्तरण भई आएका वा अन्य बिरामीहरूको सशुल्क उपचार गर्नेछन् तर सेवाग्राहीसँग लिइने शुल्क स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशन अनुसार **स्वास्थ्य बिमाले सोधभर्ना गर्ने दररेट** भन्दा बढी लिन पाइनेछैन।

## अनुसूची १: कोभिड क्लिनिक सञ्चालन गर्ने अस्पतालहरू

| SN | Province | Hospital |
|---|---|---|
| **Hub Hospitals** | | |
| 1 | Province 1 | B.P Koirala Institute of Health Sciences |
| 2 | Province 1 | Koshi Hospital |
| 3 | Province 1 | Mechi Hospital |
| 4 | Province 2 | Gajendra Narayan Singh Sagarmatha Hospital |
| 5 | Province 2 | Janakpur Hospital |
| 6 | Province 2 | Narayani Hospital |
| 7 | Bagmati | TU Teaching Hospital |
| 8 | Bagmati | Bir Hospital |
| 9 | Bagmati | Bhaktapur Hospital |
| 10 | Bagmati | Civil Service Hospital |
| 11 | Bagmati | Patan Academy of Health Sciences |
| 12 | Bagmati | Shree Birendra Hospital |
| 13 | Bagmati | Bharatpur Hospital |
| 14 | Bagmati | Dhulikhel Hospital |
| 15 | Gandaki | Pokhara Health Science Academy Hospital |
| 16 | Gandaki | Dhaulagiri Hospital |
| 17 | Province 5 | Bheri Hospital |
| 18 | Province 5 | Lumbini Hospital |
| 19 | Province 5 | Rapti Academy of Health Sciences |
| 20 | Province 5 | Rapti Provincial Hospital |
| 21 | Karnali | Karnali Academy of Health Sciences |
| 22 | Karnali | Provincial Hospital, Surkhet |
| 23 | Sudurpaschim | Dadeldhura Hospital |
| 24 | Sudurpaschim | Mahakali Hospital |
| 25 | Sudurpaschim | Seti Hospital |
| **Provincial Hospitals (64)** | | |
| 26 | Province 1 (13) | Inaruwa Hospital |
| 27 | Province 1 | Dhankuta Hospital |
| 28 | Province 1 | Sankhuwasabha Hospital |
| 29 | Province 1 | Bhojpur Hospital |
| 30 | Province 1 | Terhathum Hospital |
| 31 | Province 1 | Mechi Hospital |
| 32 | Province 1 | Taplejung Hospital |
| 33 | Province 1 | Panchthar Hospital |
| 34 | Province 1 | Ilam Hospital |
| 35 | Province 1 | Okhaldhunga Hospital |
| 36 | Province 1 | Solukhumbhu Hospital |
| 37 | Province 1 | Khotang Hospital |
| 38 | Province 1 | Udaypur Hospital |
| 39 | Province 2 (6) | Siraha Hospital |
| 40 | Province 2 | Jaleshowr Hospital |
| 41 | Province 2 | Sarlahi Hospital |
| 42 | Province 2 | Kalaiya Hospital |
| 43 | Province 2 | Rautahat Hospital |
| 44 | Province 2 | Janakpur Hospital |
| 45 | Bagmati (9) | Sindhupalchowk Hospital |

| अनुसूची १: कोभिड क्लिनिक सञ्चालन गर्ने अस्पतालहरू | | |
|---|---|---|
| **SN** | **Province** | **Hospital** |
| 46 | Bagmati | Charikot Hospital, Dolakha |
| 47 | Bagmati | Ramechhap Hospital |
| 48 | Bagmati | Sindhuli Hospital |
| 49 | Bagmati | Hetauda Pradeshik Hospital |
| 50 | Bagmati | Dhading Hospital |
| 51 | Bagmati | Bhaktapur Hospital |
| 52 | Bagmati | Trisuli Hospital |
| 53 | Bagmati | Rasuwa Hospital |
| 54 | Gandaki (10) | Baglung Hospital |
| 55 | Gandaki | Gorkha Hospital |
| 56 | Gandaki | Lamgung Hospital |
| 57 | Gandaki | Manang Hospital |
| 58 | Gandaki | Myagdi Hospital |
| 59 | Gandaki | Mustang Hospital |
| 60 | Gandaki | Nawolpur Hospital |
| 61 | Gandaki | Prabat Hospital |
| 62 | Gandaki | Syangja Hospital |
| 63 | Gandaki | Tanahu Hospital |
| 64 | Province 5 (10) | Kapilbastu |
| 65 | Province 5 | Nawolparasi |
| 66 | Province 5 | Arghakhanchi Hospital |
| 67 | Province 5 | Gulmi Hospital |
| 68 | Province 5 | Palpa Hospital |
| 69 | Province 5 | Rapti Provincial Hospital |
| 70 | Province 5 | Pyuthan Hospital |
| 71 | Province 5 | Rolpa Hospital |
| 72 | Province 5 | Bardiya Hospital |
| 73 | Province 5 | Rukum East Hospital |
| 74 | Karnali (8) | Dailekh Hospital |
| 75 | Karnali | Dolpa Hospital |
| 76 | Karnali | Humla Hospital |
| 77 | Karnali | Jajarkot Hospital |
| 78 | Karnali | Kalikot Hospital |
| 79 | Karnali | Mugu Hospital |
| 80 | Karnali | Rukum West Hospital |
| 81 | Karnali | Salyan Hospital |
| 82 | Sudurpaschim (8) | Achham Hospital |
| 83 | Sudurpaschim | Baitadi Hospital |
| 84 | Sudurpaschim | Bajhang Hospital |
| 85 | Sudurpaschim | Bajura Hospital |
| 86 | Sudurpaschim | Darchula Hospital |
| 87 | Sudurpaschim | Doti Hospital |
| 88 | Sudurpaschim | Tikapur Hospital |
| 89 | Sudurpaschim | Bayalpata hospital, Achham |
| **Medical Colleges** | | |
| 90 | Province 1 | B.P Koirala Institute of Health Sciences, Dharan |
| 91 | Province 1 | Birat Medical College, Biratnagar |

| अनुसूची १: कोभिड क्लिनिक सञ्चालन गर्ने अस्पतालहरू | | |
|---|---|---|
| **SN** | **Province** | **Hospital** |
| 92 | Province 1 | Nobel Medical College, Biratnagar |
| 93 | Province 2 | Janaki Medical College, Janakpur |
| 94 | Province 2 | National Medical College, Birgunj |
| 95 | Bagmati | Chitwan Medical College, Chitwan |
| 96 | Bagmati | College of Medical Science, Chitwan |
| 97 | Bagmati | Kathmandu Medical College, Kathmandu |
| 98 | Bagmati | Nepal Medical College, Kathmandu |
| 99 | Bagmati | Kist Medical College, Lalitpur |
| 100 | Bagmati | KU Dhulikhel Hospital, Kavre |
| 101 | Bagmati | Patan Academy of Health Science, Lalitpur |
| 102 | Bagamati | TU Teaching Hospital, Kathmandu |
| 103 | Gandaki | Gandaki Medical College, Pokhara |
| 104 | Gandaki | Manipal Medical College, Pokhara |
| 105 | Gandaki | Pokhara Academy of Health Science, Pokhara |
| 106 | Province 5 | Lumbini Medical College, Palpa |
| 107 | Province 5 | Nepalgunj Medical College, Banke |
| 108 | Province 5 | Rapti Academy of Health Science, Dang |
| 109 | Province 5 | Universal College of Medical Science, Bhairahawa |
| 110 | Province 5 | Devdaha Medical College, Rupendhei |
| 111 | Karnali | Karnali Academy of Health Science, Jumla |
| *मिति २०७७/०१/०४ गते माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूको निर्णयानुसार थप भएका निजि क्षेत्रबाट संचालित कोभिड-१९ को सेवा प्रदान गर्ने अस्पतालहरूको सूची* | | |
| *112* | Bagmati | Alka Hospital, |
| 113 | Bagmati | Sumeru Hospital |
| 114 | Bagmati | B&B Hospital |
| 115 | Bagmati | HAMS Hospital |
| 116 | Bagmati | Star Hospital |
| 117 | Bagmati | Nidan Hospital |
| 118 | Bagmati | Vayodha Hospital |
| 119 | Bagmati | Chirayu Hospital |
| 120 | Bagmati | Vinayak Hospital |
| 121 | Bagmati | Sahid Memorial Hospital |
| 122 | Bagmati | Ganesh Maan Hospital |
| 123 | Bagmati | Grande International Hospital |
| 124 | Bagmati | Dr Upendra Devkota Memorial Institute |
| 125 | Bagmati | Mediciti Hospital |
| *नोटः यी सूचीलाई विस्तार तथा परिमार्जित गर्दै लगिनेछ ।* | | |

| अनुसूची २: कोभिड अस्पतालहरू | | |
|---|---|---|
| **SN** | **Province** | **Hospital** |
| 1 | Bagmati | Ayurved Research and Training Center Hospital, Kritipur |
| 2 | | Kathmandu Medical College, Duwakot |
| 3 | | Corona Temporary Hospital (Bharatpur Hospital), Chitwan |
| 4 | | Sukraraj Tropical and Infectious Disease Hospital |
| 5 | | Patan Hospital |
| 6 | | Nepal Armed Police Force Hospital |
| 7 | | Bharatpur Hospital |
| 8 | | Shree Birendra Hospital |
| 9 | | NAMS/ Bir Hospital |
| 10 | | Nepal Police Hospital |
| 11 | | Tribhuvan University Teaching Hospital, Maharajgunj |
| 12 | | Dhulikhel Hospital, Dhulikhel |
| 13 | | Chitwan Medical College, Bharatpur |
| 14 | | College of Medical Sciences, Bharatpur |
| 15 | | Paropakar Maternity and Women's Hospital |
| 16 | | National Trauma Centre |
| 17 | | Manmohan Cardiothoracic Vascular and Transplant Center |
| 18 | | Sahid Gangalal Hospital |
| 19 | | Civil Service Hospital |
| 20 | | Naradevi Ayurvedic Hospital |
| 21 | | Mulpani Hospital |
| 22 | | Kanti Children Hospital |
| 23 | | Bhaktapur Hospital |
| 24 | | Sahid Dharmabhakta Organ Transplant Centre |
| 25 | | Mental Hospital |
| 26 | Province 1 | Temporary COVID Hospital (Koshi Hospital), Biratnagar |
| 27 | | Koshi Hospital |
| 28 | | Nobel Medical College and Teaching Hospital, Biratnagar |
| 29 | | B.P Koirala Institute of Health Sciences, Dharan |
| 30 | | Birat Medical College Teaching Hospital, Morang |
| 31 | Province 2 | Janaki Hospital |
| 32 | | Narayani Hospital |
| 33 | | National Medical College, Birgunj |
| 34 | | Janakpur Hospital |
| 35 | | Gajendra Narayan Singh Hospital |
| 36 | Gandaki | Baglung Hospital |
| 37 | | Temporary COVID Hospital-Isolation Ward (Pokhara Academy of Health Science), Pokhara |
| 38 | | Pokhara Academy of Health Science- Hospital |
| 39 | Province 5 | GP Koirala National Center for Respiratory Diseases, Tanahu |
| 40 | | Rapti Academy of Health Sciences |
| 41 | | Rapti Provincial Hospital (Kendriya Ayurbed Bidhyapith, Beljhundi, Dang) |

| अनुसूची २: कोभिड अस्पतालहरू | | |
|---|---|---|
| **SN** | **Province** | **Hospital** |
| 42 | | Temporary COVID Hospital (Lumbini Hospital), Butwal |
| 43 | | Bhim Hospital, Bhairawa |
| 44 | | Nepalgunj Medical College, Kohalpur |
| 45 | | Bheri Hospital, Nepalgunj |
| 46 | | Lumbini Hospital, Butwal |
| 47 | | Devdaha Medical College and Research Center, Rupandehi |
| 48 | | Lumbini Medical College and Teaching Hospital |
| 49 | Karnali | Temporary COVID Hospital ( Surkhet Hospital) |
| 50 | | Karnali Academy of Health Sciences |
| 51 | | Surkhet Hospital |
| 52 | | Seti Provincial Hospital, Kailali |
| 53 | Sudurpaschim | Dadeldhura Hospital, Dadeldhura |
| 54 | | Tikapur Hospital, Kailali |
| 55 | | Mahakali Hospital, Kanchanpur |
| 56 | | Achham Hospital |
| 57 | | Doti Hospital, Silgadhi, Doti |
| 58 | | Bajhang Hospital, Chainpur, Bajhang |
| 59 | | Bajura Hospital, Martadi, Bajura |
| 60 | | Darchula Hospital, Darchula |
| 61 | | Jogbudha Hospital, Dadeldhura |
| 62 | | Gokuleshwor Hospital, Gokuleshwor |
| 63 | | Malakheti Hospital, Kailali |
| 64 | | Baitadi Hospital, Baitadi |

यो सूचीलाई आवश्यकता अनुसार बिस्तार तथा परिमार्जन गर्दै लगिनेछ ।